# नेपाली राजदूतावास

## रियाद, साउदी अरेबिया

**वैदेशिक रोजगारीका क्रममा साउदी अरबमा रहँदा ध्यान दिनुपर्ने विषय तथा जानकारी सम्बन्धी**

## सचेतनामूलक हाते पुस्तिका

जुन २०२५

**वैदेशिक रोजगारीका क्रममा साउदी अरबमा रहँदा ध्यान दिनुपर्ने विषय तथा जानकारी सम्बन्धी सचेतनामूलक हाते पुस्तिका**


Copyright © : 2025

Edition : 1st

Published by : नेपाली राजदूतावास, रियाद साउदी अरेबिया

Email : eonriyadh@mofa.gov.np

Website : sa.nepalembassy.gov.np



All rights reserved. No parts of this publication may be reproduced, stored in a retrieval system or transmitted in any form or by any means, electronic, mechanical, photocopying, recording or otherwise, without prior permission.

नेपाली राजदूतावास
रियाद, साउदी अरेबिया
Embassy of Nepal
Riyadh, Kingdom of Saudi Arabia

سفـــارة نيـــبـــال
الرياض - المملكة العربية السعودية

## राजदूतको सन्देश

वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरबमा रहेका नेपाली श्रमिकहरूलाई लक्षित गरी राजदूतावासबाट प्रदान हुने सेवा सुविधा तथा साउदीमा अपनाउनु पर्ने सजगता लगायतको बारेमा थप सुसुचित गराउने अभिप्रायले **सचेतनामूलक हाते पुस्तिका** प्रकाशनमा ल्याएको जानकारी गराउन पाउँदा मलाई निकै खुशी लागेको छ ।

सन् १९७७ मा नेपाल र साउदी अरेबिया बीच कूटनीतिक सम्बन्ध स्थापना भई सन् १९७८ मा नेपालले रियादमा आफ्नो राजदूतावास स्थापना गरेको हो । साउदी अरब नेपालको महत्वपूर्ण श्रम गन्तव्य रहेको सन्दर्भमा यहाँ रहेका नेपालीहरूको हकहितको प्रवर्द्धन र संरक्षण गर्न राजदूतावासले निरन्तर कूटनीतिक पहल गर्दै आइरहेको यहाँहरू सबैमा विदित नै छ ।

नेपाली श्रमिकहरूलाई समेत आकर्षित हुने साउदी अरबको कानूनी प्रबन्धमा भएका परिवर्तनहरू यथाशीघ्र नेपाली समुदायमा पुऱ्याउन राजदूतावासको आधिकारिक फेसबुक पेज र वेभसाइट मार्फत सम्प्रेषणको काम समेत हुँदै आइरहेकोमा साउदी अरबबाट हुने गरेको अनलाइन सेवा प्रवाहमा हुने नियमित अद्यावधिक र अधिकांश नेपाली श्रमिकहरूको सीपको अवस्था लाईसमेत मध्यनजर गरी सम्भावित समस्याहरूबाट बच्न यस हाते पुस्तिकाले थप सहज बनाउने छ।

प्रस्तुत हाते पुस्तिकालाई अध्ययन गरी राजदूतावासबाट प्रदान हुने सेवा प्रवाहको बारेमा र यहाँ रहँदा ख्याल गर्नु पर्ने कुराहरूका सम्बन्धमा जानकारी लिई सकेसम्म धेरै नेपाली समक्ष पुऱ्याउन साउदीमा सकृय नेपाली संघसँस्थाबाट निरन्तर सहयोग रहन्छ भन्ने राजदूतावासको अपेक्षा रहेको छ।

अन्तमा यस हाते पुस्तिका प्रकाशनका लागि संयोजनकारी भूमिका खेल्नुहुने यस राजदूतावासका काउन्सेलर (श्रम) श्री कविराज उप्रेती र आ-आफ्नो तर्फबाट सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कूटनीतिक र स्थानीय कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

डा. नरेश विक्रम ढकाल
राजदूत
नेपाली राजदूतावास, रियाद

२०८२ असार (जुन २०२५)

## साउदी अरबमा बस्ने नेपाली श्रमिकहरूले जान्नुपर्ने विषयहरू

१. साउदी अरबमा रहेका सबै नेपालीहरूले नेपाली राजदूतावासको फेसवुक पेज लाइक, फलो र सेयर गर्नु होला ।

२. नेपालबाट आउँदा आफू आउँने कम्पनीको नाम, सम्पर्क नम्बर, लोकेशन, कम्पनीको दर्ता नम्बर (CR Number) अनिवार्यरूपमा मेनपावर कम्पनीबाट लिएर आफूले सुरक्षित राख्ने तथा परिवारका सदस्यलाई समेत सुरक्षित राख्न लगाउनु होला ।

३. आफ्नो पासपोर्ट, भिषा पेज, वोर्डर नम्वर, अकमाको फोटो राम्रोसँग फोटो खिचेर सुरक्षित राख्ने । यसको डिजिटल प्रति नेपालमा परिवार सदस्यलाई पठाउनु होला ।

४. अकामा बनेपछि अकामाबाट तुरुन्त Absher Account र Qiwa Account खोल्ने । यो दुवै अकाउण्ट वोर्डर नम्वरबाट पनि खोल्न सकिन्छ ।

५. आफ्नो विश्वासिलो साथीलाई नेपालको सम्पर्क नम्वर उपलब्ध गराउनु होला । तपाईंलाई कुनै समस्या परेमा घर परिवारलाई खवर गर्न सो नम्वर आवश्यक पर्नसक्छ ।

६. हुरुप लाग्ने बित्तिकै वा अकामाको म्याद सकिए पश्चात् नेपाल जानको लागि बहिर्गमन भिषा (Exit Visa) को प्रकृया गरिहाल्ने । कम्पनीले नेपाल पठाउला भनेर विश्वास गरेर नवस्ने । अन्यथा तपाईं आवश्यक परेको बेला तुरुन्त घर जान सक्नुहुन्न । एक्जिट प्रकृया गर्न अकामा जुन क्षेत्रबाट बनेको हो सोही क्षेत्रमा रहेको नेपाली दूतावासबाट प्रक्रिया गर्नुपर्छ ।

७. कुनै समस्या भएमा सबैभन्दा पहिले कम्पनीलाई जानकारी गराउने, कम्पनीले समाधान नगरिदिएमा मेनपावर कम्पनी, वैदेशिक रोजगार विभाग र दूतावासमा लिखित निवेदन पेश गर्ने । दूतावासबाट समन्वय गर्दा समस्या समाधान नभए तुरुन्त श्रम अदालत (Labour Court) मा उजुरी गर्ने ।

८. दूतावासमा निवेदन पेश गर्दा आफ्नो नाम, पासपोर्ट र अकामाको विवरण, कम्पनीको नाम र सम्पर्क नम्वर, साउदी आएको समय, हाल कार्यरत रहेको स्थान, मेनपावरको विवरण र समस्याको विस्तृत विवरण उल्लेख गर्ने ।

९. आफ्नो Absher Account एक्जिट लागेको छ वा छैन चेक गरिरहने, एक्जिट लगाएको देखिएमा तोकिएको म्याद भित्र नै साउदी छोड्नुपर्ने हुन्छ नत्र पुनः एक्जिट लगाउन नसकिने र ठूलो रकम जरिवाना तिर्नु पर्ने अवस्था हुन सक्छ ।

१०. तपाइको अकामाको म्याद रहेको, कम्पनीले कुनै जानकारी नदिई एक्जिट लगाएको छ भने अर्को नयाँ कम्पनीले तपाईंलाई कफला लिने प्रतिवद्धता पत्र चेम्वर अफ

कमर्शबाट प्रमाणित गरेर लेवर अफिसमा पेश गरेमा तपाइको पहिलो कम्पनीले लगाएको एक्जिट भिषा क्यान्सिल हुनसक्छ ।

११. सडक नियमको पालना गर्नुहोला । सानो हेलचेर्क्याईले गर्दा अपुरणीय क्षति हुनसक्छ ।

१२. यदि तपाईं कुनै औषधि प्रयोग गरिरहनु भएको छ वा अन्य कसैलाई औषधि ल्याउदै हुनुहुन्छ भने तपाईंको साथमा Doctor Prescription अनिवार्यरूपमा हुनुपर्छ ।

१३. समस्या समाधानका लागि दूतावासको मोवाइल नम्बरमा सम्पर्क गर्दा भरसक आफ्नो समस्याको पूर्ण विवरण लेखेर WhatsApp मा पठाउनु होला । आफ्नो जिज्ञासा तथा सूचनाका लागि मात्र फोन गर्नुहोला ।

१४. तपाईं विरामी  भई उपचार भएको छ भने सम्पूर्ण मेडिकल रिपोर्टहरू सुरक्षित राख्नुहोला । यी कागजात तपाईंको Exit Visa लगाउन आवश्यक पर्नसक्छ । साथै दुर्घटनामा परेको व्यक्तिको कुनै अंग क्षति भएको रहेछ भने नेपालबाट पाइने क्षतिपूर्तिका लागि पनि ती कागजात आवश्यक पर्छ ।

१५. साउदी सरकारी निकायहरूका केही अत्यावश्यक हटलाइन सेवाहरूः ट्राफिक प्रहरी/Najm लाई खबर गर्न- १९९०३३, प्रहरीलाई गुनासो गर्न (सुरक्षा सम्वन्धी) - ९११/९९९, श्रम सम्वन्धी गुनासो राख्न - १९९११, एम्बुलेन्स सेवाका लागि- ९९७, मानव अधिकार उल्लघंन सम्बन्धी गुनासो राख्न - १९९२२ ।

## साउदी अरबमा के गर्नु हुँदैन ?

१६. कोही कसैले खाली कागजमा सहि गराउन खोजेमा नपढी वा नबुझी हस्ताक्षर नगर्नुहोला ।

१७. साउदी अरेविया आए पश्चात् अनाधिकृत स्थानबाट सिम कार्ड नलिनुहोला । साउदीको आधिकारिक निकाय वाहेक अन्य स्थानमा  फिङगर नदिनुहोला ।

१८. आफ्नो Absher Account र Qiwa Account को  Password  र मोवाइलमा आएको OTP अति गोप्य राख्ने, कसैलाई नदिने । कसैले फोन गरेर विभिन्न प्रलोभन देखाएर वा डर धम्की दिएर माग्न सक्छ त्यो सबै झूट हो कसैलाई नदिने । Qiwa मा आएको OTP तपाइलाई Employment Contract मा लेखिएका शर्त / सेवा सुविधा मञ्जुर भएमा मात्र दिने अन्यथा नदिनु होला किनकी Qiwa Contract मा उल्लेखित मिति भन्दा अगाडि तपाइ स्वदेश फर्कन सक्नु हुन्न ।

१९. ड्राइभर साथीहरूले विशेष ख्याल गर्नुहोला । तपाईंलाई लगाएको सडक जरिवाना तिर्नुपर्ने जिम्मेवारी कानुनीरूपमा तपाईंको नै हो । कम्पनीले तिरिदिन्छु भनेको भरमा विश्वासमा परी जरिवाना आउने गरी ड्राइभिङ वा अन्य कुनै पनि कार्य नगर्नुहोला ।

२०. साउदी अरवमा हालका दिनहरूमा राम्रो तलव भत्ता दिने प्रलोभनमा पारेर कार्यरत कम्पनीबाट भगाउने र अलपत्र पार्ने घटना बढिरहेको पाइएकोले यसमा सचेत रहनुहोला ।

२१. रक्सी, लागुपदार्थ, कारोवार हुने वा उपलब्ध हुने वा उत्पादन हुने वा ओसारपसार गर्ने वा जमघट हुने स्थानमा कहिल्यै पनि नजानुहोला । यो कार्य साउदी अरवमा दण्डनीय छ ।

२२. अनलाइन सपिङका लागि अर्डर गरेर सामान लिनुभएन भने त्यो विल वरावरको रकम तपाईंलाई फाइन हुनसक्छ ।

२३. तपाइँ कुनै पनि हालतमा कम्पनी छोडेर नभाग्नु होला । कम्पनी छोड्नै पर्ने अवस्था आएमा वा नछोडी नहुने अवस्था आएमा सबैभन्दा पहिले कम्पनीलाई लेवर कोर्टमा उजुरी गर्नुहोला ।

२४. एक्जिट प्रकृयाका लागि तपाईंले काम गर्न छोडेको हुनु पर्दैन । एक्जिट प्राप्त गर्न लामो समय लाग्ने भएकोले आफूले गरिरहेको काम नछोड्नुहोला । तपाईंले काम गरिरहेको अवस्थामा नै एक्जिट लाग्छ ।

२५. कुनै पनि खाली कागज वा अरेविक भाषामा लेखिएको कागजातहरूमा नपढी वा नबुझी सही छाप नगर्नुहोला ।

२६. तपाईंको Absher वा Qiwa वा Mobile मा कुनै म्यासेज आएमा त्यस्तो म्यासेजलाई बेवास्ता गर्नु हुँदैन । म्यासेज नेपाली वा अंग्रेजीमा अनुवाद गरेर हेर्नुपर्छ । त्यो म्यासेज महत्वपूर्ण हुनसक्छ ।

२७. आफ्नो नामबाट फोन सिम झिकेर कसैलाई नदिने, अरुको रकम आफ्नो बैंक खाताबाट नेपाल नपठाउने, साउदी सरकारी निकाय वा संवेदनशील स्थानको फोटो नखिच्ने, साउदीमा भएको कुनै पनि घटनाको भिडियो वनाएर सामाजिक सञ्जालमा अपलोड नगर्ने ।

२८. तपाईंलाई कुनै पनि प्रकारको जरिवाना छ भने तपाईंले कुनै पनि माध्यमबाट साउदी अरव छोडेर जान सक्नुहुन्न । तपाईंले जरिवाना तिरे पश्चात् मात्र Exit Visa लाग्छ ।

२९. साउदी अरवमा झै-झगडा नगर्नु होला । सामान्य झगडामा पनि ठूलो सजाय हुनसक्छ । त्यसैले आफ्नो आक्रोशलाई नियन्त्रण गर्नुहोला ।

३०. यदि तपाईंले चलाएको गाडी दुर्घटना भएमा तपाईंले नज्म (Najm)/ट्राफिक प्रहरीलाई खबर गर्नुहोला । भाग्ने प्रयास नगर्नुहोला । जहाँ दुर्घटना भएको हो सोही स्थानमा रहनुहोला, भागेमा तपाईंको शत प्रतिशत गल्ती ठहर हुनेछ । कसको कति प्रतिशत गल्ती हो, सो को निर्धारण ट्राफिक प्रहरीले गर्ने भएकोले तपाईंले स्पष्ट आफ्नो विषयहरू प्रहरीसँग राख्नु होला ।

३१. अकामा नभएको वा  नवीकरण नभएको वा साथमा नलिई हिडेको अवस्थामा साउदी प्रहरीले पक्राउ गरेमा प्रत्येक पटकको लागि १००० रियाल फाइन लगाउँछ । त्यसैले यस्तो अवस्थाको व्यक्तिले अत्यावश्यक काममा वाहेक बाहिर निस्कनु हुदैन ।

३२. सार्वजनिक स्थानमा सुन वा अन्य धातुको सिक्री, व्रासलेट, छोटा हाफप्यान्ट लगाएर नजानु होला, प्रार्थनाको समयमा ठूलो आवाजमा गाना बजाउने, सार्वजनिक स्थानमा थुक्ने वा फोहोर गर्ने, जेष्ठ नागरिक वा महिलालाई रिजर्भ गरिएको ठाउँमा वस्ने, लाइन मिच्ने, अमर्यादित चित्र  वा यौनजन्य हाउभाउ प्रदर्शन गर्ने, ट्राफिक दुर्घटना वा अन्य अपराधजन्य घटनाको फोटो वा भिडियो खिच्ने वा अपलोड गर्ने लगायतका सार्वजनिक शिष्टाचार तथा नैतिकताको प्रतिकुल हुने अन्य कार्यहरू नगर्नु होला । यस्तो कार्य गरेमा तपाइलाई ठुलो रकम जरिवाना लगायत अन्य सजाय समेत हुन सक्छ

## राहदानी नवीकरण सम्बन्धी जानकारी

- आफ्नो राहदानीको म्याद कति बाँकी छ थाहा पाइ राख्नुहोला । राहदानीको म्याद १ वर्ष भन्दा कम हुँदै नवीकरण गर्न सकिन्छ ।
- राहदानी नवीकरणका लागि तलको लिङ्क र QR बाट अनलाइन apply गर्न सकिन्छ ।

https://emrtds.nepalpassport.gov.np/

- अनलाइन फाराम submit भएपछि QR/Barcode सहितको print copy लिएर appointment पाएको  दिन राजदूतावास रियादको राहदानी शाखामा सम्पर्क गर्नुहोला । राहदानीको लागि देहाय बमोजिमको दस्तुर लाग्ने हुँदा नगदै साथमा लिइ आउनुहोला-

नयाँ/ नवीकरण - SR २००।-
हराएको/विग्रिएको - SR ३००।-

***नाबालकको लागि***

नयाँ/ नवीकरण - SR १००।-
हराएको/विग्रिएको - SR १५०।-

- राजदूतावासमा फोटो खिचेर दस्तुर तिरेपछि राजदूतावासको Facebook page

मा राहदानी बनेको सूचना राखिने हुँदा Facebook page follow गर्नुहोला ।

- राहदानी बुझ्न राजदूतावास आउँदा पुरानो राहदानी र दश्तुर बुझाएको रसिद साथमा लिइ आउनुहोला ।

## कन्सुलर सेवासम्बन्धी जानकारी

१. **अधिकृत वारेसनामा:** अधिकृत वारेसनामा नेपाली राजदूतावास रियादबाट लिन सकिन्छ । यसका लागि देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ-

- कानुनबमोजिमको ढाँचामा वारेसनामा कागज
- वारेसनामा दिने/लिनेको फोटो २/२ प्रति
- वारेसनामासँग सम्बन्धित कागजातहरूको प्रतिलिपि
- वारेसनामा दिने/लिनेको नागरिकता तथा राहदानीको प्रतिलिपि

२. **एक तर्फी यात्रा अनुमति पत्र:** यसका लागि देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ-

- पुरानो राहदानीको प्रतिलिपि
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि

३. **श्रमिक फिर्ती सिफारिस पत्र:** यसका लागि देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ-

- सम्बन्धित व्यक्तिको राहदानी
- साउदी अकामा
- कफिलको अकामा
- कामसँग सम्बन्धित करार सम्झौताको प्रतिलिपि

४. **बैंक ग्यारेन्टी/प्रहरी प्रतिवेदन/चिकित्सकको प्रमाणपत्र/एफिडेभिट/उत्पत्तीको प्रमाणपत्र/मञ्जुरीनामा/विवाहदर्ता प्रमाणपत्र/शैक्षिक प्रमाणपत्र को प्रमाणीकरण:** यी कागजात प्रमाणीकरणका लागि देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ-

- पुरानो राहदानीको प्रतिलिपि
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- साउदी अकामा
- सेवा सम्बन्धी कागजात

५. **पञ्जीकरण सम्बन्धी कार्य:** *जन्म/मृत्युदर्ता:* यी कागजात प्रमाणीकरणका लागि देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ-

- पुरानो राहदानीको प्रतिलिपि
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- साउदी अकामा
- सेवा सम्बन्धी कागजात
- अस्पतालबाट प्राप्त जन्म प्रमाणपत्र/ स्थानीय प्रहरीबाट जारी भएको मृत्यु प्रमाणपत्र

६. **साधारण प्रकृतीका सिफारिस:** यस किसिमका सिफारिसका लागि देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ-

- पुरानो राहदानीको प्रतिलिपि
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- साउदी अकामा
- सेवा सम्बन्धी कागजात

७. **Visa Service:** नेपाल प्रवेश गर्नका लागि आवश्यक visa का लागि देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ-

- Filled online visa form (www.sa.nepalembassy.gov.np बाट download गर्न सकिने)
- Original passport
- PP size photo
- Iqama/Identity card

## पुन: श्रम स्वीकृति सम्वन्धी जानकारी

- वैदेशिक रोजगार ऐनले श्रम स्वीकृती अनिवार्य गरेको छ। यसबाट कानुनी रक्षा, सामाजिक सुरक्षा, भन्सार छुट, श्रमिक कल्याणकारी रकम तथा बिमा रकम दावि र IPO भर्न सकिन्छ। तसर्थ समयमै श्रम स्वीकृती लिने र नवीकरण गर्ने गर्नुहोस्।
- पुन: श्रम स्वीकृति पूर्ण अनलाइन प्रणाली (अनलाइन फाराम र भुक्तानी) बाट हुने व्यवस्था रहेको छ। अनलाइन श्रम स्वीकृतीका लागि तलको लिङ्क प्रयोग गर्नुहोस्।

- रोजगारदातासँग भएको करार अवधि बमोजिम पुन: श्रम स्वीकृति लिन सकिन्छ।
- श्रम स्वीकृतीका लागि राहदानी, डिजिटल अकामा, अकामाको म्याद खुलेको Absher को स्क्रिनसर्ट, कम्पनी परिवर्तन गरेको भए करार सम्झौता, घरेलु कामदारले अनुसूची ८ लगायतका कागजात पेश गर्नु पर्ने ।
- सामान्यतया श्रम स्वीकृतिको अवधि २ वर्षको हुन्छ। सो अवधि सकिनु भन्दा ९० दिन अगावै पुन: श्रम स्वीकृति लिनुहोला। नेपालको विमानस्थलबाट साउदी अरब आउने दिनमा कम्तिमा पनि श्रम स्वीकृतिको म्याद ९० दिनको हुनु पर्दछ।
- पुन: श्रम स्वीकृतिको लागि फारम भर्दा यस अगाडिको पासवर्ड बिर्सिएमा पासवर्ड रिसेट गर्न सकिन्छ । यसका लागि ०५०००५६५२९ मा WhatsApp बाट पासवोर्ड रिसेटका लागि आफ्नो राहदानीको प्रति सहित अनुरोध गर्नुहोला।
- दूतावासबाट पुन: श्रम स्वीकृतिको लागि आवेदन पेश गरे पश्चात् आफ्नो टोकन मिति पश्चात एक हप्तासम्म पनि Approve नभएमा मात्र दूतावासमा सम्पर्क गर्नुहोला ।
- टोकनमा उल्लेख भएको मितिमा मात्र तपाईंको फारम अनलाइन प्रणालीमा देखाउने भएकोले कसैको फारम छानेर स्वीकृत गर्न नसकिने हुन्छ।
- आफ्नो श्रम स्वीकृती भए/नभएको जाँच्न तलको QR स्क्यान गरी *अन्तिम श्रम स्वीकृतिको खोजि (Search By)* मा आफ्नो राहदानी नम्बर प्रबिष्टि गरी हेर्न सक्नुहुन्छ।

## पुन: श्रम स्वीकृति गर्दा लाग्ने खर्च विवरण

| वर्ष (उमेर) | २.५ वर्षको प्रिमियम/ म्यादी जीवन विमा | सामाजिक सुरक्षा प्रिमियम | कल्याणकारी कोष रकम | श्रम स्वीकृतिको कूल खर्च |
|---|---|---|---|---|
| १८ - ३५ वर्ष | रु. ३७०८/- | रु २३०८।- | रु १५००।- | रु. ७५१६/- |
| ३६-५० वर्ष | रु. ४९३१/- | रु २३०८।- | रु १५००।- | रु. ८७३९/- |
| ५१ -६४ वर्ष | रु. ९४६३/- | रु २३०८।- | रु १५००।- | रु.१३२७१/- |

## सामाजिक सुरक्षा योजनासम्बन्धी जानकारी

- दुर्घटना र अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा, वृद्ध अवस्था सुरक्षा (निवृत्तिभरण/अवकाश), औषधी उपचार, स्वास्थ्य र मातृत्व सुरक्षाका लागि सामाजिक सुरक्षा योजनामा आवद्ध हुनुहोस्।

- वैदेशिक रोजगारीमा रहेका श्रमिकको लागि २०७९ चैत्र ८ बाट सुरु भएको ।
- पूर्ण सुरक्षित, जोखिमरहित, सरकारको प्रत्याभूति, लगानी दुरुपयोग हुने संभावना नरहेको, कुनै भ्रममा पर्नु नपर्ने ।
- जम्मा गर्नु पर्ने न्यूनतम रकम : आधारभूत पारिश्रमिकको २१.३३% (रु.२३०८।-)
- आधारभूत पारिश्रमिक - १०,८२०/-, न्यूनतम पारिश्रमिक - १७,३००
- वढीमा जम्मा गर्न सकिने रकमः - आधारभूत पारिश्रमिकको तीन गुणासम्म (रु. ३२,४६०/-)
- कुनै समस्या परेमा SSF को WhatsApp/Viber Number - +९७७९८५१३५१७५४ र हटलाइन नं. ११११६

## सामजिक सुरक्षा योजनाका प्रकार

- दुर्घटना र अशक्तता सुरक्षा योजना
- आश्रित परिवार सुरक्षा योजना
- वृद्ध अवस्था सुरक्षा योजना - (निवृत्तिभरण/अवकाश)
- औषधी उपचार, स्वास्थ्य र मातृत्व सुरक्षा योजना

## दुर्घटना तथा अशक्तता सुरक्षा योजना

- दुर्घटना भएमा औषधि उपचारको ७ लाखसम्म उपचार खर्च
- अस्थायी रूपमा अशक्त भएमा- काममा नफर्किएसम्म - मासिक रु.६,४९२/- (६०%)
- स्थायी रूपमा अशक्त भएमा -अशक्तताको अनुपात बमोजिम -आजीवन मासिक रु. ६,४९२/- सम्म (६०%)

## आश्रित परिवार सुरक्षा योजना/ *(योगदानकर्ताको मृत्यु भएमा)*

- जम्मा भएको रकम (१३.८५ %) प्रतिफल सहित फिर्ता
- आश्रित परिवारलाई प्रति महिना - रु. ४,३२८/- (४०%)
- शैक्षिकवृत्ति ( १८ वर्ष ननाघेका) - रु.४,३२८/- (४०%)
- अन्तिम संस्कार खर्च - रु. २५,०००/-

## वृद्ध अवस्था सुरक्षा योजना

- ६० वर्ष उमेर पुगेपछि योगदानको आधारमा आजिवन निवृत्तीभरण पाउने
- समय समयमा मुद्रास्फीति समायोजन हुँदै पेन्सन बढ्दै जाने
- १८० महिना भन्दा कमको योगदान भएमा एकमुष्ठ निकाल्न सकिने

- निवृत्तिभरण पाइरहेको व्यक्तिको मृत्यु भएमा पति वा पत्निलाई ५० प्रतिशत निवृत्तीभरण

## औषधी उपचार, स्वास्थ्य र मातृत्व सुरक्षा योजना

- योगदानकर्ताले नेपालमा उपचार गराएको हकमा योगदानकर्ताको पति/पत्नी र सगोलका १८ वर्ष सम्मको छोराछोरीले नेपालमा भर्ना नभइ गरिने उपचारमा वार्षिक रु २५ हजार र भर्ना भएर गरिने उपचारमा रु १ लाखसम्म दावि गर्न पाउने । २० प्रतिशत रकम योगदानकर्ता आफैंले व्यहोर्नुपर्ने ।
- सन्तती जन्मिएमा प्रति शिशु रु. १०,८२०/- शिशु स्याहारका लागि प्रदान हुने ।

सामाजिक सुरक्षा कोष सम्बन्धी जानकारीका लागि तलको QR स्क्यान गर्नुहोस् ।

## Absher सम्बन्धी जानकारी

साउदी सरकारले सरकारी application को रुपमा हरेक व्यक्तिको सूचना अभिलेख गर्न र नागरिकलाई अनलाइन सेवा लिन प्रयोगमा ल्याएको application Absher हो ।

### Absher खाता खोल्ने तरिका:

- Absher को वेबसाइटमा जानुहोस्: www.absher.sa वा Absher मोबाइल एप (iOS वा Android) डाउनलोड गर्नुहोस् ।
- "Individual चयन गर्नुहोस् ।
- "New User Registration" मा क्लिक गर्नुहोस् ।

### निम्न विवरणहरू भर्नुहोस् :

- इकामा नम्बर
- मोबाइल नम्बर (पहिले कुनै Absher खातामा प्रयोग नगरिएको)
- युजरनेम
- पासवर्ड
- ईमेल
- सुरक्षा कोड

नियमहरूमा सहमति जनाई फारम सबमिट गर्नुहोस् ।

- Self–service kiosk, बैंक, वा Jawazat कार्यालय बाट खाता सक्रिय (Activate) गर्नुहोस्:

## Absher को मुख्य उपयोगहरू:

- इकामा नविकरण
- Exit/Re-entry भिसा जारी वा नविकरण
- ट्राफिक जरिवाना हेर्न
- हज अनुमति लिन
- व्यक्तिगत विवरण अपडेट गर्न
- आश्रितहरूका सेवा (Dependents services)
- प्रायोजक (Sponsor) परिवर्तन
- रोजगारीको अवस्था र विवरण हेर्न
- सवारीसाधन सेवाहरू

## Scam (धोखाधडी) बाट कसरी जोगिने:

१. आफ्नो पासवर्ड, OTP, वा लगइन विवरण कसैलाई पनि नदिनुहोस्।
२. Two-Factor Authentication (2FA) सक्षम गर्नुहोस्।
३. सार्वजनिक कम्प्युटर वा मोबाइलबाट लगइन नगर्नुहोस्।
४. Official वेबसाइट वा एप मात्र प्रयोग गर्नुहोस्: www.absher.sa वा Trusted App Store बाट मात्र गर्नुहोस् ।
५. फोन वा म्यासेजमा आएका अनौपचारिक अनुरोधहरू बेवास्ता गर्नुहोस् ।
६. खाताको गतिविधि र रजिस्टर्ड डिभाइसहरू समय-समयमा हेर्दै गर्नुहोस् ।

## प्रायोजक (कफील) परिवर्तनका सर्तहरू:

तपाईं निम्न सर्तहरू पूरा भएमा पुरानो प्रायोजकको स्वीकृति बिना नै Qiwa प्रणाली मार्फत कफालत परिवर्तन गर्न सक्नुहुन्छ:

- इकामा सकिएको छ ।
- लगातार ३ महिना तलव पाएको छैन ।
- साउदी आइपुगेको ९० दिनभित्र Qiwa मा काम सम्झौता (Work Contract) दर्ता भएको छैन ।
- कम्पनी Red वा Yellow Nitaqat श्रेणी मा परेको छ (सानो कम्पनीहरूका लागि) ।

- साउदी आइपुगेपछि ९० दिनभित्र इकामा बनाएको छैन ।

  यी सर्तहरू Qiwa प्रणालीमा दर्ता भएका निजी क्षेत्रका कामदारहरूमा पनि लागू हुन्छन् ।

## प्रायोजकको स्वीकृति सहित:

यदि प्रायोजक सहमत छन् भने, Absher (व्यक्तिगत प्रायोजकको लागि) वा Qiwa (कम्पनी प्रायोजकको लागि) मार्फत सरलरूपमा कफालत परिवर्तन गर्न सकिन्छ ।

## कफालत परिवर्तन गर्ने तरिका:

**व्यक्तिगत प्रायोजक (Absher मार्फत):**

नयाँ प्रायोजकले Absher मा प्रवेश गरी: Individuals Services > Workers Transfer मा अनुरोध सुरु गर्छन् । कामदारले आफ्नै Absher मा सो अनुरोध स्वीकार गर्छन् ।

- SADAD सिस्टममार्फत ट्रान्सफर शुल्क तिर्नुहोस् ।
- Jawazat को स्वीकृति पश्चात कफालत परिवर्तन सम्पन्न हुन्छ ।

**कम्पनी प्रायोजक (Qiwa मार्फत):**

- नयाँ कम्पनीले www.qiwa.sa मा लगइन गर्छ ।
- Employee Transfer > Job Offer अन्तर्गत अनुरोध सुरु गर्छ ।
- कामदारले Qiwa मार्फत सो अफर स्वीकार गर्छ ।
- प्रणालीले अनुरोध Jawazat मा पठाउँछ ।
- स्वीकृति पछि, नयाँ प्रायोजक अन्तर्गत इकामा नवीकरण गर्नुपर्छ ।

## कफालत ट्रान्सफर शुल्क (नयाँ प्रायोजकले तिर्ने):

- पहिलो पटक: SAR २,०००
- दोस्रो पटक: SAR ४,०००
- तेस्रो पटक: SAR ६,०००

## Mudad खाता कसरी खोल्ने?

- Mudad को वेबसाइटमा जानुहोस्: https://www.mudad.com.sa
- "Register" मा क्लिक गर्नुहोस् ।
- खाता प्रकार छान्नुहोस ।
- Establishment (कम्पनीहरूको लागि)

## Payroll Provider (बैंक वा सेवा प्रदायकको लागि)

- व्यवसाय दर्ता नम्बर (CR Number) प्रविष्ट गर्नुहोस् ।
- परिचय प्रमाणित गर्नुहोस्:
- Absher login प्रयोग गरेर वा National Single Sign–On प्रणाली मार्फत
- प्रोफाइल विवरणहरू पूरा गर्नुहोस्:
  - कम्पनी विवरण
  - सम्पर्क जानकारी
  - बैंक विवरण (वेतन पठाउन)
- फारम सबमिट गर्नुहोस् र खाता सक्रिय गर्नुहोस् ।

## Mudad को मुख्य उपयोगहरू:

- Wage Protection System (WPS):
- कर्मचारीहरूको तलब फाइल अपलोड तथा प्रक्रिया गर्ने
- साउदी श्रम कानुन अनुसार तलब वितरण सुनिश्चित गर्ने
- वेतन पर्ची (Salary Slip) तयार गर्ने
- स्वत: पेस्की तयार पार्ने र सुरक्षित राख्ने
- तलब वितरणको अनुगमन गर्ने
- समयमा तलब दिइएको छ कि छैन भन्ने रिपोर्टिङ गर्ने
- कानुनी प्रतिवेदन (Compliance Reporting):
- श्रम मन्त्रालय (MHRSD) को जरिवाना रोक्न सहायता गर्ने
- बैंकसँग एकीकृत प्रणाली (Bank Integration):
- Mudad बाटै तलब फाइल बैंकमा पठाउन सकिने सुविधा

## महत्त्वपूर्ण जानकारी:

Mudad प्रणाली साउदी अरेबियाका सबै निजी कम्पनीहरूका लागि अनिवार्य छ, ताकि तलब प्रणाली श्रम कानुन अनुसार होस् ।

## QIWA Agreement सम्बन्धी जानकारी

साउदी अरबमा सबै श्रमिक र रोजगारदाताबिच भएको आधिकारिक सम्झौतालाई QIWA मा अनलाइन अभिलेख राखिएको हुन्छ ।

## Qiwa मा सम्झौता (contract) कसरी हेर्ने वा स्वीकार गर्ने?

- Qiwa वेबसाइटमा जानुहोस्: https://www.qiwa.sa
- National Single Sign–On प्रयोग गरेर लगइन गर्नुहोस् । Absher को प्रयोगकर्ता नाम र पासवर्ड प्रयोग हुन्छ ।)
- आफ्नो Individual Account > Contracts मा जानुहोस् ।

### त्यहाँ तपाईंको:

- सक्रिय सम्झौता (Active Contract)
- स्थिति (Status): Approved / Pending / Rejected देख्न सक्नुहुन्छ ।

### नयाँ सम्झौता गर्न:

- तपाईंको रोजगारदाताले सम्झौता सुरु गर्छ ।
- तपाईंलाई Qiwa मा सूचना (notification) आउँछ ।
- सम्झौता पढेर स्वीकार (Accept) गर्नुहोस् ।
- तपाईं र रोजगारदाता दुवैले डिजिटल रूपमा हस्ताक्षर गरेपछि, यो सरकारी रूपमा मान्यता प्राप्त हुन्छ ।

## Qiwa सम्झौताको मुख्य उपयोगहरू:

१. साउदी सरकारले मान्यता दिएको आधिकारिक कार्य सम्झौता प्रणाली ।

२. तपाईंको कामको विवरण, तलब, समय, र सुविधाहरूको डिजिटल रेकर्ड ।

३. Iqama नवीकरण, कफालत ट्रान्सफर, वा श्रम गुनासो गर्दा आवश्यक हुन्छ ।

४. विवादको अवस्थामा कानुनी प्रमाणको रूपमा प्रयोग गर्न सकिन्छ ।

## धोखाधडी (scam) बाट कसरी जोगिने?

- सम्झौता स्वीकार गर्नु अघि ध्यानपूर्वक पढ्नुहोस्- खाली वा अस्पष्ट सम्झौता कहिल्यै स्वीकार नगर्नुहोस् ।
- सम्झौतामा उल्लेख गरिएको तलब, कामको शीर्षक र काम गर्ने समय तपाईंको वास्तविक स्थितिसँग मेल खानुपर्छ ।
- केवल Qiwa प्रणाली मार्फत डिजिटल हस्ताक्षर भएको सम्झौता मात्र मान्य हुन्छ ।
- Qiwa वा Absher को पासवर्ड कसैलाई नदिनुहोस् ।
- सिर्फ आधिकारिक वेबसाइट वा एप प्रयोग गर्नुहोस् - नकली लिङ्कबाट सावधान रहनुहोस् ।

यदि रोजगारदाताले दबाब दिन्छन् वा Qiwa को दुरुपयोग गर्छन् भने,

- Ministry of Human Resources मा १९९११ मा फोन गर्नुहोस्, वा Qiwa मार्फत गुनासो पेश गर्नुहोस् ।

## GOSI सम्बन्धी जानकारी

**General Organization for Social Insurance (गोसी)** : साउदी अरबको कुनै पनि कम्पनीमा कार्यरत कामदारको कार्यालय समयमा कुनै दुर्घटनामा परि घाइते वा मृत्यु भएमा पीडितको परिवारले General Organization for Social Insurance बाट रकम पाउने व्यवस्था रहेको छ । गोसी पाउनको लागि निम्नानुसारको चरण पार गर्नु पर्ने व्यवस्था रहेको छ ।


### General Organization for Social Insurance (गोसी)



## यदि कुनै नेपाली श्रमिकको साउदी अरबमा Death भएमा के गर्ने ?

यदि कोही नेपाली श्रमिकको साउदी अरबमा मृत्यु भएमा मृतकको विवरण सहित राजदुतावासमा तुरुन्त सम्पर्क गर्नु पर्दछ। यसका लागि +९६६५०००७६७९४ वा +९६६५०००५६५२९ मा सम्पर्क गर्न सकिन्छ।

मृतकको शव फिर्ता राजदूतावासको पहिलो प्राथमिकताको काम हुन्छ र सोही अनुसारको प्राथमिकता दिएर काम गरिन्छ तर पनि साउदी अरवको विद्यमान कानूनी प्रक्रिया अनुसार निम्नानुसारको प्रक्रिया पुरा गर्नु पर्ने हुनाले लामो समय लाग्ने देखिन्छ।




## ब्लडमनि सम्बन्धी जानकारी:

दोस्रो पक्षको गल्ती भएको (ट्राफिक दुर्घटना, हत्या अपराध) अवस्थामा मृतकको परिवारले क्षतिपूर्ति स्वरुप पाउने रकम नै ब्लड मनि भएको र यसलाई प्राप्त गर्नको लागि निम्नानुसारको प्रक्रिया गर्नु पर्ने हुन्छ।

हाल साउदी अरबमा साउदी वकिलबाट मात्र ब्लडमनिको मुद्दा दर्ता गर्न पाइने अवस्था रहेको छ ।




## Labour Court मा कसरी case गर्ने?

**साउदी अरेबियामा रोजगारदाता वा कर्मचारीविरुद्ध श्रम उजुरी दर्ता गर्ने प्रक्रिया**

**चरण १:** **श्रम कार्यालयमा गुनासो दर्ता (Friendly Settlement) वेबसाइटमा जानुहोस्:**

☞ https://mudadhr.mol.gov.sa/Disputes वा १९९११ मा फोन गर्नुहोस् ।

Absher/Nafath प्रयोग गरेर लगइन गर्नुहोस् ।

**गुनासो दर्ता गर्नुहोस् यदि:**

- तलब रोकेको वा ढिलो गरेको छ
- सम्झौताको उल्लङ्घन भएको छ
- अन्यायपूर्ण निष्कासन वा दुर्व्यवहार भएको छ

श्रम कार्यालय (Labour Office) ले रोजगारदातालाई सूचना पठाउँछ र २१ कार्य दिनभित्र समाधानको प्रयास गर्छ ।

☑ **यदि सहमति भयो भने:** दुबै पक्षले लिखित सम्झौतामा हस्ताक्षर गर्छन् ।

✕ यदि सहमति भएन भने: मुद्दा स्वचालित रूपमा श्रम अदालतमा जान्छ ।

**चरण २: श्रम अदालतमा मुद्दा दायर**

Labour Court, Ministry of Justice को पोर्टलमा जानुहोस्: https://najiz.sa

- Nafath प्रयोग गरेर लगइन गर्नुहोस् ।
- चयन गर्नुहोस्:
- "Submit New Case" > Labour Cases

*आवश्यक कागजातहरू संलग्न गर्नुहोस्:*

- Qiwa को काम सम्झौता (Contract)
- श्रम कार्यालयको गुनासो रिपोर्ट
- बैंक स्टेटमेन्ट, तलब पर्ची, इकामा आदि

*अदालतले:*

- सुन्ने मिति तय गर्छ (अनलाइन वा प्रत्यक्ष)
- दुबै पक्षको प्रमाण हेर्छ
- निर्णय -Verdict जारी गर्छ

**चरण ३ : कार्यान्वयन अदालत -Execution Court**

यदि रोजगारदाताले अदालतको निर्णय पालन नगरेको खण्डमा:

फेरि https://najiz.sa मा जानुहोस् ।

चयन गर्नुहोस्:

"Request Execution of a Verdict"

**तलका विवरणहरू दिनुहोस्:**

- अदालतको निर्णय कागजात

- रोजगारदाताको सिविल रजिस्ट्रेसन (CR) वा इकामा नम्बर
- तपाईंको बैंक IBAN नम्बर (रकम फिर्ता लिन)

**कार्यवाही:**

- रोजगारदाताको बैंक खाता रोक्का
- सम्पत्ति जफत
- यात्रा प्रतिबन्ध
- जरिवाना वा कारबाही

**महत्त्वपूर्ण सुझावहरू:**

- सबै कागजात सुरक्षित राख्नुहोस्:
- सम्झौता, तलब विवरण, सन्देश, Qiwa/Absher को स्क्रिनसटहरू
- गुनासो सधैं अरबी भाषामा पेश गर्नुहोस् (आवश्यक भएमा अनुवाद गराउन सकिन्छ) ।
- Najiz पोर्टल मार्फत वकिल (Power of Attorney) राख्न सकिन्छ ।
- अनलाइन पहुँच नभएमा नजिकको Labour Office मा प्रत्यक्ष जान सकिन्छ ।

## Remittance सम्बन्धी जानकारी

- आफुले साउदी अरबमा कमाएको रकम घर परिवारलाई पठाउन सँधै आधिकारिक माध्यमको मात्र प्रयोग गरौं ।
- रेमिट गर्दा लाग्ने शुल्क र विनिमय दर ख्याल गर्नुहोस् ।
- कुनै व्यक्तिलाई भर गरी मात्र आफ्नो पैसा घर परिवारलाई नपठाँउ ।
- आफ्नो कमाइको आधारमा मात्र रकमको कारोबार गरौं ।
- आफ्नो कारोबारको अभिलेख राखौं ।
- विभिन्न स्क्याम तथा फ्रडबाट सचेत रहौं ।

## श्रमिक बीमा दावी गर्ने तरिका- labour.aletihad.sa पोर्टलमार्फत

**पात्रता (Eligibility)**

तपाईं बीमा दावी गर्न सक्नुहुन्छ यदि:

- तपाईंको कम्पनीले ६ महिनाभन्दा बढी तलब नदिएको छ र कम्पनीका ८०% श्रमिक प्रभावित भएका छन् ।

- तपाईं व्यवसायिक दर्ता (CR) भएको निजी कम्पनीमा कार्यरत हुनुहुन्छ ।
- तपाईं घरेलु कामदार, मौसमी श्रमिक वा सरकारी कर्मचारी होइन ।
- तपाईंले अघिल्लो बीमा अवधिमा यस्तै कारणले क्षतिपूर्ति पाइसक्नु भएको छैन ।

**आवश्यक कागजातहरू**

दावी गर्न निम्न कागजातहरू आवश्यक पर्छन्:

- इकामा (Iqama) को प्रतिलिपि
- रोजगार सम्झौता को प्रतिलिपि
- अन्तिम पाएको तलबको प्रमाण
- बक्यौता तलब/हक उल्लेख गरिएको आधिकारिक कागजात (जस्तै कोर्ट वा श्रम कार्यालयको आदेश)

***फाइनल एक्जिट भिसा, यदि यात्रा टिकटको दावी गर्ने हो भने***

**दावी गर्ने प्रक्रिया**

https://labour.aletihad.sa मा जानुहोस् र पोर्टल खोल्नुहोस्:

पात्रता (Eligibility) जाँच गर्नुहोस्:

आफ्नो इकामा नम्बर हालेर बीमा कभरेज छ कि छैन हेर्नुहोस् ।

- दावी फारम भर्नुहोस्:

Compensation Request Submission Form (Form No. १) भर्नुहोस्, जसमा:

- व्यक्तिगत विवरण
- कम्पनीको विवरण
- क्षतिपूर्तिको प्रकार (तलब वा यात्रा टिकट)
- स्वघोषणा (कुनै अघिल्लो दावी छैन भन्ने) फारम र कागजात बुझाउनुहोस्

सबै कागजात र फारम बीमा कम्पनीमा व्यक्तिगत रूपमा वा आधिकारिक प्रतिनिधिमार्फत बुझाउनुहोस् ।

**अन्य महत्त्वपूर्ण जानकारी**

**क्षतिपूर्तिको सीमा:**

- अधिकतम ६ महिनासम्मको तलब
- यात्रा टिकटको लागि अधिकतम SAR १,०००/-
- कुल क्षतिपूर्ति सीमा: SAR १७,५००/-

दावी गरेपछि रोजगारदातालाई जानकारी दिइनेछ र १० कार्य दिनभित्र आपत्ति जनाउने अवसर दिइनेछ ।

- बीमा कम्पनीले क्षतिपूर्ति दिएको रकम पछि रोजगारदाताबाट असुल गर्न सक्छ ।

## Final Exit कसरी लगाउने ?

**साउदी अरेबीयाको अध्यागमन कार्यालय (जवाजात) बाट जारी हुने एक्जिट भिसा सम्बन्धमा ।**

१. साउदी अरबमा Working Visa मा आउने सबै जनाले साउदी अरबबाट फर्कदा अनिवार्य रूपमा एक्जिट भिसा (Exit Visa) र पुनः साउदी अरब आउनेहरूले Re–Entry भिसा लगाउनु पर्ने कानुनी व्यवस्था रहेको छ ।

२. अकामा (Iqama) को म्याद बाँकी रहेको अवस्थामा एक्जिट भिसाको प्रक्रिया सम्बन्धित कम्पनीबाट नैं गर्नु पर्ने छ ।

३. किवा (Qiwa) मा सम्झौताको (Contract) अवधि सकिएको, साउदी अरब आएको १ वर्ष पुरा भएको र अकामाको म्याद ३५ दिन बाँकी भएमा आफैले अब्सर (Abshere) बाट एक्जिट भिसा लगाउन सकिन्छ । यसका लागि तलको प्रक्रिया अपनाउनु पर्नेछ ।

   - अब्सर एकाउण्ट खोल्ने ।
   - Electronic Service मा जाने
   - Passport छान्ने ।
   - Visa Option मा जाने ।
   - Final Exit वा Re–Entry Choose गरी Request Submit गर्ने ।
   - System ले Request Accept गरेको १० दिन पछि Approval को Status आएमा Visa Issue गरी तोकिएको मिति (सामान्यतया १५ दिन भित्र) एक्जिट हुने ।

४. एक्जिटका लागि तोकिएको समयभित्र साउदी अरबबाट एक्जिट नभएमा पछि जरिवाना लाग्ने र पुनः एक्जिट लगाउने प्रक्रिया झन्झटिलो हुने हुँदा एकपटक एक्जिट लागिसकेकाहरूले एक्जिट जानुहुन राजदूतावास अनुरोध गर्दछ ।

***एब्सरबाट एक्जिट नलाग्ने अवस्था***

१. आफ्नो नाममा गाडी हुनेहरूको हकमा गाडीको नामसारी नभएसम्म,

२. रोजगारदाता वा कामदारको काफिलको मृत्यु भएमा,

३. पासपोर्टको म्याद सकिएको देखाएमा,

४. कुनै मुद्दा लागेको, दण्ड जरिवाना तिर्न बाँकी भएमा ।

***यदि अकामा नभएमा***

१. साउदी अरब आएको ३ महिना सम्म पनि मालिकले अकामा नबनाइदिएमा पासपोर्ट कपी, भिसा कपी र बोर्डर नम्बर लिएर नेपाली राजदूतावास वा कम्पनी रहेको स्थानका राजदूतावासका प्रतिनिधिहरू तथा स्वयंसेवकहरूसँग सम्पर्क गरी एक्जिट प्रक्रिया शुरु गर्न फाराम भर्ने ।

***यदि अकामा र वर्क परमिटको म्याद सकिएमा***

१. अकामा र वर्क परमिट दुवैको म्याद सकिएमा यसरी म्याद सकिएको ३० दिन पछि राजदूतावास वा आफ्नो कम्पनी रहेको स्थानबाट नजिक पर्ने राजदूतावासका प्रतिनिधिहरू तथा स्वयंसेवकहरूसँग सम्पर्क गर्ने ।

२. यसरी सम्पर्क गर्न जाँदा पासपोर्ट कपी, अकामा सक्कल वा क्युआर सहितको डिजिटल प्रति समेत पेश गर्ने ।

३. पासपोर्ट नविकरण गरेर नयाँ पासपोर्ट लिनेहरूले पुरानो पासपोर्टको कपी समेत बुझाउने ।

***एक्जिट भिसा प्राप्त गर्न लाग्ने समय***

१. सामान्यतया राजदूतावास वा राजदूतावासका प्रतिनिधि तथा स्वंसेवकहरूले तपाइँको फाराम लेबर कार्यालयमा बुझाएको तीन महिना सम्ममा एक्जिट भिसा लाग्ने गरेको ।

२. तर, साउदी अरबका लेबर कार्यालय तथा जवाजातको प्रणालीले गर्दा कहिलेकाहीँ तीन महिना वितिसक्दा समेत एक्जिट प्राप्त हुन नसकेको ।

***हुरुब लाग्नेको हकमा***

१. हुरुब लागेको १ महिना पछि सक्कल अकामा, पासपोर्ट वा यस राजदूतावासबाट जारी गरिएको एकपाने एकतर्फी यात्रा अनुमतिपत्र (TD) राजदूतावसको श्रम काउन्सेलरको कार्यालय वा आफ्नो कम्पनी नजिक रहेका राजदूतावासका प्रतिनिधि जा स्वंसेवकहरूकोमा जाने ।

२. फाराम भरी पेश गर्ने र औंठाछाप दिन जवाजातमा तोकिएको दिन र समयमा उपस्थित हुने ।

३. हुरुब लागेकाको हकमा सामान्यतया ३ देखि ४ हप्तामा एक्जिट लाग्ने गरेको ।

***राजदूतावासको अनुरोध***

१. राजदूतावासले तपाइँहरूको फाराम सङ्कलन गरी लेबर कार्यालयमा पेश गर्ने र एक्जिटका लागि दिनहुँ जसो समन्वय र सहजीकरणका लागि स्थानीय कर्मचारी समेत लेबर कार्यालय र जवाजतमा पठाइरहेको हुन्छ ।

२. साउदी अरबका कार्यालयको प्रणालीका कारण एक्जिट लाग्न केही समय लागेमा नआत्तिन र थप केही जानकारी चाहिएमा राजदूतावासका श्रम काउन्सेलरको कार्यालयमा सम्पर्क गर्ने ।

३. सम्पर्क विवरणका लागि तलको लिङ्क प्रयोग गर्न सक्नुहुनेछ ।

**https://sa.nepalembassy.gov.np/pages/contact-list/**

**पुनश्च:**

*१. साउदी अरब सरकारका सम्बन्धित ती कार्यालयको प्रणाली अनुसार एक्जिट भिसा लाग्ने हुँदा एक्जिट भिसाको आवेदन दिनेहरूलाई धैर्यता गर्नुहुन राजदूतावास अनुरोध गर्दछ ।*

*२. एक्जिट भिसा प्राप्त भएको जानकारी जवाजतबाट प्राप्त भए पश्चात् राजदूतावासको फेसबुक पेज लगायतका माध्यमबाट प्रकाशन गरिनेछ ।*

*३. तपाईंको करार सम्झौताको अवधि सकिएको र अकमाको अवधि ३२ दिन बाँकी छ भने तपाईंले आफ्नै Absher बाट Exit Visa Request गर्न सक्नुहुनेछ । त्यसको लागि Qiwa मा भएको करार सम्झौताको अवधि सकिएको हुनुपर्छ ।*

## वैदेशिक रोजगार विभाग सम्बन्धी जानकारी, श्रम स्वीकृती र Manpower को विस्तृत विवरण हेर्ने तरिका

- आफ्नो अन्तिम श्रम स्वीकृती भए नभएको अनलाइनबाटै check गर्न https://dofe.gov.np/PassportDetail.aspx

- मेनपावरको सम्पर्क नम्बर र सञ्चालक/प्रतिनिधिका बारेमा अनलाइनबाट हेर्न https://dofe.gov.np/Recruting–Agences.aspx

- वैदेशिक रोजगार विभागको वेभसाइट www.dofe.gov.np

- वैदेशिक रोजगारी सम्बन्धी उजुरी तथा गुनासाका लागी

| | | |
|---|---|---|
| महानिर्देशक | : | ००९७७ ९८५११७१६०१ |
| इमेल | : | dg@dofe.gov.np |
| सम्पर्क | : | ९७७-०१४७९२६७१ |
| सूचना अधिकारी | : | ००९७७ ९८५१११२३१५ |
| इमेल | : | info@dofe.gov.np |
| सम्पर्क | : | ९७७-०१४७९२६९६ |

## वैदेशिक रोजगार बोर्डको सचिवालय सम्बन्धी जानकारी

- वैदेशिक रोजगारमा रहेका तथा वैदेशिक रोजगारबाट फर्की आएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा तथा कल्याणको लागि वैदेशिक रोजगार कल्याणकारी कोषको व्यवस्था रहको ।
- श्रम स्वीकृती लिइ वैदेशिक रोजगारीमा भएको कामदारको करार अवधिमा वा करार अवधि समाप्त भएको १ वर्ष भित्र मृत्यु भएमा मृतक कामदारको हकवालालाई रु १० लाख आर्थिक सहायता ।
- श्रम स्वीकृती लिइ वैदेशिक रोजगारीमा भएको कामदारको करार अवधिमा वा करार अवधि समाप्त भएको १ वर्ष भित्र अङ्गभङ्ग वा गम्भिर विरामी भएमा नेपाल गएको १ वर्ष भित्र निवेदन दिएमा रु ७ लाखसम्म आर्थिक सहायता ।
- वैदेशिक रोजगारमा रहेको कुनै श्रमिकको मृत्यु भएमा रु २५ हजारसम्म आर्थिक सहायता ।
- श्रमाधान कल सेन्टर २४ सै घण्टा
  - नेपालबाट ११४१
  - कल सेन्टर Email: shramadhan@feb.gov.np
- ००९७७ ९८५१३४७२२२ मा जुनसुकै मुलुकबाट सशुल्क फोन गर्न र Viber, Imo, WhatsApp मा फोन एवं सन्देश पठाउन सकिने ।
- टेलिमेडिसिन सेवाका लागि नेपालको कार्यालय समयमा ००९७७ ९८५१३४५७०/९८५१३४५७०२ जुनसुकै मुलुकबाट सशुल्क फोन गर्न र Viber, Imo, Botim, WhatsApp मा फोन एवं सन्देश पठाउन सकिने ।

**सचिवालयको**

website : www.feb.gov.np
Email : info@feb.gov.np/welfare@feb.gov.np
Rescue and repatriation: ००९७७ ९७६७६५७३८७
Spokesperson: ००९७७ ९८५१२३१७१९

**नेपाली राजदूतावास रियादबाट हुने सेवा प्रवाहसम्बन्धी नागरिक बडापत्रका लागि तलको QR scan गर्नुहोला ।**

## नेपाली राजदूतावास रियादसँग सम्वन्धित लिंक तथा QR हरू

१. आफुलाई परेको कुनै समस्या तथा गुनासो राजदूतावासमा पेश गर्न वा सो सम्वन्धी Update लिन

https://sa.nepalembassy.gov.np/complain/

२. आफ्नो Exit Visa को Status बारेमा जानकारी लिन

https://sa.nepalembassy.gov.np/check-exit-status/

३. पासपोर्टको लागि अनलाइन फाराम भर्न

https://emrtds.nepalpassport.gov.np/

४. कन्सुलर सेवा विभाग सम्बन्धी सूचना तथा जानकारीका लागि

https://www.nepalconsular.gov.np/public/

५. सामाजिक सुरक्षा कोषमा आवद्धताको लागि फाराम भर्न

https://sosys.ssf.gov.np/.../ForeignContributer.aspx...

६. प्रमाणीकरणको लागि मागपत्र अनलाइन पेश गर्न

https://demand.nepalembassy.gov.np/

७. आफ्नो अकामा बनेको स्थान, हुरुप लागेको नलागेको र कम्पनीको Status थाहा पाउन

https://www.mol.gov.sa/.../inquiry/nonsaudiempinquiry.aspx

८. आफ्नो कम्पनीको विरुद्धमा साउदी लेवर कोर्टमा अनलाइन उजुरी गर्न

https://www.hrsd.gov.sa/en/ministry-services/services/269970

९. भिषा नम्वरबाट बोर्डर नम्वर थाहा पाउनको लागी

https://www.absher.sa/wps/portal/individuals

१०. बोर्डर नम्वरबाट इकामा नम्बर थाहा पाउनको लागी

https://www.mol.gov.sa

यहाँहरूलाई आवश्यक पर्ने सेवाहरू उल्लेखित लिंकमा क्लिक गरी अनलाईन प्रणालीमार्फत लिनुहुन अनुरोध गरिन्छ । साथै आफूलाई आवश्यक सेवा सम्बन्धमा थप जानकारी आवश्यक परेमा राजदूतावासको सम्पर्क नम्वर ०११-४६१११०८ मा विहान ९:०० बजे देखि वेलुका ५:०० बजे सम्म र ०११-२८८३७९५ मा दिउसो ३:०० बजे देखि वेलुका ५:०० बजे सम्म दूतावास खुल्ला रहेको दिन सम्पर्क गर्नु होला ।

## राजदुतावासको वेबसाइट, सामाजिक सञ्जाल र सम्पर्क नम्बरहरू

वेबसाइटः https://sa.nepalembassy.gov.np

Email: eonriyadh@mofa.gov.np

फेसबुकः https://www.facebook.com/nepalembassysaudiarabia

ट्वीटर/एक्सः @eonriyad

सम्पर्क नम्बरहरू (कार्यालय समयमा)

सोधपुछका लागिः ०११४६१११०८

श्रम सम्बन्धी समस्याका लागिः ०११२८८३७९५

## राजदुतावासको वेबसाइट, सामाजिक सञ्जाल र सम्पर्क नम्बरहरू

वेबसाइटः https://sa.nepalembassy.gov.np
Email: eonriyadh@mofa.gov.np
फेसबुकः https://www.facebook.com/nepalembassysaudiarabia
ट्वीटर/एक्सः @eonriyad
सम्पर्क नम्बरहरू (कार्यालय समयमा)
सोधपुछका लागिः ०११४६१११०८
श्रम सम्बन्धी समस्याका लागिः ०११२८८३७९५

## श्रमिक सहायता तथा परामर्शका लागि

श्रम काउन्सेलर सम्पर्कः ०५०००५६५२९
तृतीय सचिव सम्पर्क ०५५८९००३३९
श्रमिक सहायता तथा परामर्श शाखा Direct Call: ०११२८८३७९५
Exit visa का लागि (Huroob and Iqama expiry only):
०५०००२१४०९/०५४७०४५२७२
Email: labourksa@mofa.gov.np

## पासपोर्ट सम्बन्धी जानकारीका लागि

सम्पर्क अधिकृत : ०५३४३४३१९१
अनलाइन आवेदनका लागि लिङ्कः https://emrtds.nepalpassport.gov.np/

## नेपाली राजदुतावास रियादको सूचना तथा जानकारीका लागि

सूचना अधिकारी : ०५०००७५१४०

# संक्षिप्त व्यक्तिगत जानकारी

नाम:..............................................................................

मोवाईल नं:.......................................................................

ईमेल:..............................................................................

अकामा/बोर्डर नं.:...............................................................

राहदानी नं :......................................................................

कम्पनीको नाम:................................................................

कम्पनीको ठेगाना:..............................................................

कम्पनीको सम्पर्क नं.:.........................................................

साउदीमा नजिकको साथीको नाम :.......................................

साथीको मोवाईल नं.:..........................................................

नेपालको सम्पर्क विवरण:....................................................

जिल्ला:...........................................................................

नगरपालिका/गाउँपालिका:...................................................

वडा नं.:...........................................................................

परिवारको सम्पर्क व्यक्तिको नाम:.........................................

परिवारको सम्पर्क व्यक्तिको नं. र ईमेल :...................................